संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति – २०६४ कात्तिक ५**

---

**महिला, सीमान्तकृत समुदायहरूका लागि प्रहरीमा आरक्षण एउटा महत्त्वपूर्ण पहिलो कदम – उच्चायुक्तको कार्यालय**

उच्चायुक्तको कार्यालय—नेपालले गत साता नेपाल प्रहरी (नेप्र) तथा सशस्त्र प्रहरी बल (सप्रब)मा रिक्त रहेका पद पदपुर्ती गर्न महिला तथा सीमान्तकृत समुदाय — जनजाति/आदिवासी, मधेशी, दलित र "पिछिडिएका क्षेत्र"का मानिस — हरूका सदस्य भर्ना गर्नका लागि आरक्षणको व्यवस्था गर्ने मन्त्रिपरिषद् बैठकले गरेको निर्णयको स्वागत गर्दछ।

उच्चायुक्तको कार्यालयले प्रहरी निकाय – तथा अन्य सरकारी संस्था – ले आफ्ना कर्मचारीवर्गलाई बढी समावेशी बनाउनका लागि कदम चाल्न लामो समयदेखि नै आग्रह गरेको छ। प्रहरी निकाय समावेशी नरहेको प्रस्ट पार्ने केहि हिंसात्मक घटना घटेपश्चात् यस कार्यालयले सन् २००७ मार्चमा सप्रबलाई आफ्ना सीमान्तकृत समुदायका कर्मचारीका सङ्ख्याको विवरण माग्न पत्र पठायो। २०६३ पुस नेपालगञ्जमा भएका दङ्गाका क्रममा पक्षपात गरेको आरोप नेप्रलाई लगाइएको थियो। तराईका जिल्लामा सन् २००७ जनवरी र फेब्रुअरी महिनामा भएको मधेशी आन्दोलनमा सो मुद्दा फेरि निस्कियो। पश्चिम तराईका केहि जिल्लामा हालै भएको हिंसाले भर्नामा समावेशीरणको आवश्यक्तामाथि फेरि जोड दिन्छ।

अधिकृत दर्जामा महिला तथा सीमान्तकृत समुदायका प्रतिनिधित्व सुनिश्चित गर्ने गरी गत साता घोषणा गरिएको आरक्षण प्रहरी निकायका सबै दर्जामा लागू होस् भन्ने उच्चायुक्तको कार्यालय–नेपालको सुझाव छ। यसले भविष्यमा पनि सबै भर्नाका लागि समावेशी भर्ती नीति अवलम्बन गरी थप कदम चाल्न नेप्र तथा सप्रबलाई आग्रह गर्दछ।

निजामती सेवाका सबै अङ्गका लागि आफ्ना भर्ना प्रक्रिया समावेशी बनाउन आफैले चाल्न सक्ने कदमबारे प्रहरी निकायद्वारा रिक्त रहेका पद पदपुर्ती गर्न आरक्षणको अवलम्बन गर्नुलाई एउटा नमुनाको रूपमा लिन सकिन्छ। उदाहरणार्थ, यस साता सचिव पदमा नियुक्त २८ जनामध्ये दुई महिला र एक मधेशी मात्रै भएकोमा उच्चायुक्तको कार्यालय निराश भएको थियो।

> "इतिहासदेखि नै सीमान्तकृत समुदायलाई प्रहरी निकाय तथा अन्य निजामती सेवामा समावेश गर्ने प्रावधान राख्ने कार्यले समावेशीकरणप्रति राजनीतिक नेताद्वारा गरिएको प्रतिबद्धता विशुद्ध हो भनी सङ्केत गर्नेछ। यस कार्यले पनि यी समुदायका हालका केही मागहरूलाई सम्बोधन गर्नेछ, जसले संविधानसभा निर्वाचनमा जाँदा शान्ति प्रक्रियालाई सबल तुल्याउनेछ," संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, ext 321 or (+977) 98510 16922 (mobile); website: http://www.nepal.ohchr.org